# काठमाडौँ महानगरपालिका
## द्वितीय त्रैमासिक परीक्षा-२०८२
### अनिवार्य नेपाली

**कक्षा : ५** **पूर्णाङ्क : ५०**

**समय : २ घण्टा**

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले उत्तर दिनुपर्ने छ ।**

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् :** (२)

पखेटा, संस्कृति, तोर्मा, इरादा, मादल

(क) इच्छा

(ख) चाडपर्व, भाषा आदिको समग्र नाम

(ग) चराचुरुङ्गीको शरीरको दायाँ र बायाँ हुने अङ्ग

(घ) भात वा भुटेको गहुँको पिठो महमा मुछेर बनाएको चैत्य आकारको खाने कुरा

**२. खाली ठाउँमा कोष्ठकबाट मिल्दो शब्द भर्नुहोस् :** (२)

(क) 'तल'को उल्टो अर्थ दिने शब्द ...... हो । (माथि, फेद, अघि)

(ख) ने.रा.बै को पूरा रूप...... हो । (नेपाल राज्य बैंक, नेपाल राष्ट्रिय बैंक, नेपाल राष्ट्र बैंक)

(ग) 'शीत'को उस्तै सुनिने शब्द ...... हो । (सिता, सँग, सित)

(घ) 'तेल'को सानो रूप जनाउने शब्द ..... हो । (दाम, थोपो, पित्को)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (३)

जनशक्ति, फेटा, चिटिक्क

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् :** (१)

(क) शीर्शक पीर्सक सीर्षक शीर्षक

(ख) पन्चामृत पंचामृत पम्चामृत पञ्चामृत



**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** (२)

उनी हरूको कुरा सूनेर सबैले भने, "हामि कसरी यहाँ आयौ ?

**६. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् : (२)**

<u>तिनी</u>हरुले <u>घर</u> अगाडि रहेको चौतारोमा <u>सानो</u> पिपल पनि <u>रोपे</u> ।

**७. जोडा मिलाउनुहोस् :** (२)

| | |
|---|---|
| विस्मयादिबोधक | माथि |
| क्रियायोगी | निम्ति |
| संयोजक | पो |
| निपात | धत् ! |
| | तर |

**८. उपयुक्त विभक्ति राखी खाली ठाउँ भर्नुहोस् :** (२)

(क) तिमीहरू .... आमालाई के दियौ ? (ले, लाई, बाट)

(ख) हामी बस ...... ओर्लियौं । (बाट, को, लाई)

(ग) दिदी काठमाडौँ .........बसेर पढ्नुहुन्छ । (ले, मा, लाई)

(घ) हजुरआमा..... झोलामा चकलेट छ । (मा, को, लाई)

**९. दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** (४)

(क) उनीहरूले परीक्षा दिए । (वर्तमान काल)

(ख) हामी जनकपुर घुम्न जाने छौँ । (भूत काल)

(ग) दाइले चित्र बनाउनु भयो । (भविष्यत् काल)

(घ) सलिनाले फूल रोप्छिन् । (भूत काल)

**१०. दिइएका वाक्यलाई सङ्गति मिलाई लेख्नुहोस् :** (५)

(क) उनीहरू मसँग विद्यालय गयो ।



(ख) तँ बजार जानुहुन्छ ।

(ग) तिमी धेरै परिश्रम गर्छु ।

(घ) सरिताले हल्ला गर्यो ।

(ङ) म मोटर हाँक्छौं ।

**११. दुवै प्रश्नको उत्तर लेख्नुहोस् :** **(४+४=८)**

(क) दिइएको पाठको अंश पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

स्वास्थ्यप्रति सचेत व्यक्तिलाई प्रदूषित पदार्थबाट जोगिनुपर्छ भन्ने ज्ञान हुन्छ । उसले विषादी नहालेको शुद्ध खाद्यान्नको खोजी गर्छ । ऊ अखाद्य वस्तुको पहिचान गर्छ र तिनको सेवनबाट जोगिन्छ । उसले तानावलाई हटाउँछ र आफ्नो दैनिकीलाई सधैं व्यवस्थित तुल्याउँछ । हामी सबैको चाहना पनि स्वास्थ्यको ख्याल गर्नु हो । स्वास्थ्य बिग्रन नदिनु हो । हामीलाई थाहै छ, अस्वस्थ हुनुहुँदैन । अस्वस्थताको कल्पनासम्म पनि गर्नुहुँदैन । अस्वस्थ हुनु भनेको शक्ति, जाँगर र इच्छा गुमाउनु हो । शरीरको फुर्तिलोपन र मनको खुसीयाली मेटाउनु हो । वास्तवमा अस्वस्थताबाट जीवनका हरेक प्रगति रोकिन्छ । स्वस्थ रहनका लागि हामीले आफ्नो दैनिकीलाई व्यवस्थित राख्नुपर्छ । बिहानदेखि बेलुकासम्म हाम्रा काम गर्ने तरिकालाई सुधार्नुपर्छ । हामीले रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नै दिनुहुँदैन । यसरी हाम्रो जीवनशैलीलाई नै परिवर्तन गर्न सक्छौं ।

प्रश्नः

(अ) स्वास्थ्यप्रति सचेत व्यक्तिलाई के कुराको ज्ञान हुन्छ ?

(आ) हामी सबैको चाहना के गर्नु छ ?

(इ) मानिस किन अस्वस्थ हुनु हुँदैन ?

(ई) हामी कसरी स्वस्थ रहन सक्छौं ?

(ख) दिइएको कथाको अंश पढ्नुहोस् र उत्तर लेख्नुहोस्:

यता जम्बियाङलाई भने ओछ्यान पसे पनि निद्रै लागेन। एक त उसले त्यत्रो उपद्रो गर्दा पनि सजाय पाएको थिएन। अर्को भोकले निद्रा लागेन। उसको मन शान्त भएन। अरू व्यस्त भएको वेला उसले सुटुक्क चरेसको थाल निकाल्यो र घरदेखि पर गयो। एउटा ठूलो ढुङ्गा थियो। बुबाले खाना खाने थाल त्यहीँ पछार्यो। थाल दुई टुक्रा भयो। ती टुक्रा पनि फेरि पछार्यो। चार टुक्रा भयो। त्यसपछि ती थालका टुक्रा लाई बारीको कुनामा खाल्डो खनेर पुरिदियो। उसले सोच्यो, "छोरो यति ठूलो भइसकेको समेत थाहा छैन। चरेसको थालमा चाहिँ बुबाले मात्र खाने ! आफूले चाहिँ कहिल्यै किन खान नपाउने !"

प्रश्न: (अ) जम्बियाङलाई किन ओछ्यान पसे पनि निद्रा लागेन ?

(आ) जम्बियाङले चरेसको थाल कहाँ लग्यो ?

(इ) जम्बियाङले थाललाई कति टुक्रा बनायो ?

(ई) जम्बियाङले किन थाललाई टुक्रा टुक्रा पार्‍यो ?

**१२. कुनै एक उद्धरणको आशय वर्णन गर्नुहोस् :** **(४)**

(क) दुनियाँको खुसी लेख्ने किसानको मन
किसान हुन् अन्नदाता संसारकै धन।

(ख) प्रत्येक चाडपर्व हाम्रा साझा सम्पत्ति हुन्।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

(क) आफू घुम्न गएको ठाउँको वर्णन गर्दै मामालाई चिठी लेख्नुहोस्।

(ख) जन्मदिनको अवसरमा साथीलाई दिने शुभकामना पत्र तयार पार्नुहोस्।



**१४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

(क) दिइएका विवरणका आधारमा छोटो जीवनी लेख्नुहोस् :

नाम : डा. सन्दुक रूइत

जन्म : वि.सं. २०११ भदौ १९ गते

जन्मस्थान : ताप्लेजुङ जिल्लाको ओलाङचुङगोला

पिता: सोनाम रुइत

माता: केसाङ रुइत

शिक्षा : एम.बि.बि.एस.

योगदान तथा संलग्नता : प्रसिद्ध आँखा विशेषज्ञ,

८०००० भन्दा बढी मानिसको आँखाको अप्रेसन गरी आँखा देख्ने बनाएका तिलगंगा अस्पतालका प्रमुख

पुरस्कार : रोमन म्यागासेसे पुरस्कार, इसा अवार्ड, पद्मश्री पुरस्कार प्राप्त

(ख) बाल अधिकार शीर्षकमा दुई जनाबिचको संवाद पूरा गर्नुहोस् :

सलिमा : नमस्कार अर्जुन। आज तिमी छिट्टै विद्यालय आयौ कि क्या हो ?

अर्जुन : नमस्कार सलिमा। आज बाल दिवस हो। मैले बाल अधिकारसम्बन्धी वक्तृत्वकला प्रतियोगितामा भाग लिएको छु त्यसैले म छिट्टै विद्यालय आएँ।

सलिमा : ए हो, मलाई त बाल अधिकार भनेको के थाहा नै छैन। मलाई बताई दिन्छौ ?

अर्जुन.......................................................

सलिमा.......................................................



अर्जुन.......................................................

सलिमा.......................................................

अर्जुन.......................................................

सलिमा.......................................................

अर्जुन.......................................................

सलिमा.......................................................

**१५. कुनै एक शीर्षकमा १०० शब्द नघटाई निबन्ध लेख्नुहोस् :** **(५)**

(क) अनुशासनको महत्त्व

(ख) मेरो देश

(ग) चाडपर्व

धन्यवाद !